<u>प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश</u>

<u>प्रस्तावना</u>: प्रदेश लोक सेवा आयोग ऐन,२०७५ गर्न तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल कर्णाली प्रदेशको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ ।

१.<u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम “प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) अध्यादेश, २०७७” रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२.<u>प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ३ मा संशोधन:</u> प्रदेश लोक सेवा आयोग ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छ:-

"(९) अध्यक्षले प्रदेश प्रमुख समक्ष र सदस्यले अध्यक्षसमक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-१ बमोजिमको ढाँचामा पद तथा गोपनियताको सपथ लिनुपर्नेछ ।"

३.<u>मूल ऐनमा अनुसूचीमा संशोधन</u>: मूल ऐनको दफा ३ को उपदफा (९) सँग सम्बन्धित अनुसूची-१ थपिएको छ:-

"अनुसूची-१

दफा ३ को उपदफा (९) सँग सम्बन्धित"

म ....................................... मुलुक र जनताप्रति पूर्ण वफादार सही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नामा सपथ लिन्छु की नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफदार रहँदै प्रदेश लोक सेवा आयोगको अध्यक्ष/सदस्यको जिम्मेवारी मुलुक र जनताको सोझो चिताइ,कसैको डर नमानी,पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलिसलामा आफूलाई जानकारीमा आएको गोप्य राखु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन् ।

मिति :

..........

हस्ताक्षर"